## युवा कृषि पुरस्कार- २०७९ मा सहभागी हुने बारे सूचना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपालका लागि इजरायली राजदुतावासको सहकार्यमा सञ्चालित æसाना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमÆ ले दशौं वर्ष पुरा गरेको अवसरमा यस वित्तीय संस्था र इजरायली राजदुतावासको संयुक्त आयोजनामा प्रत्येक प्रदेशका उत्कृष्ट एक एक जना युवा किसानलाई जनही रु. एक लाख (कर बाहेक) को दरले æयुवा कृषि पुरस्कार-२०७९Æ प्रदान गरिने भएको हुँदा यस कार्यक्रममार्फत इजरायलका विभिन्न तालिम केन्द्र तथा कलेजबाट तालिम/अध्ययन पुरा गरी नेपाल फर्केर कृषि वा पशुपालन व्यवसाय गरिरहनु भएका इच्छुक साना किसानहरुले तल दिइएको लिङ्क अनुसारको गुगल फारम रितपूर्वक भरी प्रतिस्पर्धामा भाग लिन आह्वान गरिन्छ ।

शर्तहरु :

१. आवेदक साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत इजरायलको कृषि तालिम केन्द्र/कलेजमा कृषि प्रशिक्षण पुरा गरी फर्किए पश्चात कृषि फर्म वा कम्पनी दर्ता गरी वा नगरी नेपालमा कम्तिमा दुई वर्ष देखि निरन्तर व्यावसायिक कृषि पेशा गर्दै आएको हुनु पर्नेछ ।

२. देहाय अनुसारका कागजात/सामाग्री मिति २०७९ साउन ५ गते भित्रमा गुगल फर्ममा अपलोड गरेको वा तलको ईमेलमा पठाएको हुनु पर्नेछ :

   (क) आवेदकले कम्तिमा पनि दुई वर्षदेखि निरन्तर कृषि पेशा गर्दै आएको बेहोरा खुलाई आफुलाई इजरायल सिफारिस गर्ने साना किसान कृषि सहकारी संस्थाले प्रमाणित गरेको पत्रको प्रतिलिपि ।

   (ख) आवेदकले फर्म वा कम्पनीको नामबाट कृषि व्यवसाय गरेको भएमा दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

   (ग) इजरायली तालिम केन्द्र/कलेजमा निवेदकले तालिम पुरा गरेको प्रमाण पत्रको प्रतिलिपि ।

   (घ) आवेदकको पासपोर्ट साइजको डिजिटल फोटो ।

(ङ) आफ्नो कृषि व्यवसाय प्रष्ट झल्कने किसिमका १० वटा डिजिटल फोटो र बढीमा २ मिनटको भिडियो गुगल फर्ममा अपलोड गर्नु पर्नेछ वा ईमेल मार्फत पठाउन सकिने छ वा कुनै पनि तरिकाले साना किसान विकास लघुवित्त वित्तीय संस्थामा उपलब्ध गराउनु पर्नेछ ।

३. पुरस्कार सम्बन्धी मूल्याङ्कन र छनौट गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थाद्वारा गठन गरिएको स्वतन्त्र विज्ञहरुको निर्णायक मण्डलमा रहनेछ । निर्णायक मण्डलले गरेको निर्णय उपर कहीं कतै उजुरबाजुर गर्न पाईने छैन ।

४. विस्तृत जानकारी आवश्यक परेमा केशव श्रेष्ठ (इजरायली राजदुतावास) मो.नं. ९८४१४१३७२७ र मनिष महतो (साना किसान विकास लघुवित्त) मो.नं. ९८५१३२४८२१ मा सम्पर्क गर्न सकिने छ ।

५. तलको ललङ्कमा गई गगुल फारम भर्नुहोला ।

https://bit.ly/3nggrcu

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।
ईमेल : skbbltraining@gmail.com